COMPANY REGD NO. 168307/73/074

HIMALAYAN HYDROPOWER LIMITED

Buddhanagar-10, Kathmandu, Nepal

पत्र संख्याः२०८२/०८३ मितिः २०८२/०५/३१

च.नं. ३८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
रामशाहपथ काठमाण्डौं, ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
रामशाहपथ काठमाण्डौं, ।

**विषय : वार्षिक साधारण सभाको मिति तोकिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त विषयमा यस कम्पनीको मिति २०८२।५।३० अपरान्ह ५ बजे बसेको सञ्चालक समितिको बैठकले आगामी मिति २०८२।६।२४ मा यस कम्पनिको १८ औं वार्षिक साधारण सभा गर्ने निर्णय गरेको हुँदा तहाँ जानकारी प्रयोजनको लागी यो पत्र पेश गरिएको व्यहोरा अनुरोध छ ।

यस कम्पनिको १८ औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०६/१२ गते शेयर दर्ता किताव बुक क्लोज हुने हुँदा मिति २०८२/०६/०९ गते सम्म शेयर खरिद गरी आफनो नाममा शेयर कायम भएका शेयरधनीहरुले साधारण सभामा भाग लिन पाउने समेतको व्यहोरा तहाँ जानकारी प्रयोजनको लागी यो पत्र पेश गरिएको व्यहोरा अनुरोध छ ।

.............................
**कृष्ण प्रसाद भण्डारी**
**कम्पनि सचिव**

**बोधार्थः**
श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड

himalayanhydro2021@gmail.com www.hhpl.com.np 977 1 4796641

## हिमालयन हाईड्रोपावर लिमिटेडको

### १८ औं वार्षिक साधारण सभा सम्बन्धि सुचना

### आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनिको मिति २०८२।०५।३० मा बसेको हिमालयन हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, समय, स्थानमा निम्न विषय सूचीहरु उपर छलफल गर्न कम्पनिको १८ औं वार्षिक साधारण सभा बस्ने भएकोले यस कम्पनिका सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उक्त मिति, समय र स्थानमा उपस्थित हुन शेयर धनी महानुभावहरुको जानकारीको लागी कम्पनि ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनिको नियमावली २०७३ को नियम १८ (३) बमोजिम यो सुचना जारी गरिएकोछ ।

**सभा हुने मिति समय र स्थान:** मिति: २०८२ साल आश्विन  २४ गते ( १० अक्टोवर, २०२५) शुक्रवार । समय: दिवा ११:०० वजे, स्थान: वाटरफ्रन्ट रिसोर्ट लेक साईट पोखरा ।

छलफलका विषयहरु

### आ.व. २०८१/०८२ सालको वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरु

क. समान्य प्रस्ताव

१ सञ्चालक समितिको १८ औं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

२ आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव खाता सहितको लेखा परीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

३ आ.व २०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख. विशेष प्रस्ताव

१ १:१ अनुपातमा हकप्रद शेयर निष्काशन सम्बन्धमा ।

२ प्रवन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा ।

३ कम्पनीको प्रस्तावित प्रवन्धपत्र तथा नियमावली संशोधनमा र हकप्रद शेयर जारी सम्बन्धमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुसार समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

ग. विविध

साधारण सभा सम्वन्धी जानकारी

१. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाईएकोछ । कारण वस कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ । साथै कम्पनिको बेभसाईट www.hhpl.com.np मा पनि हेर्न सकिनेछ ।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका सभा संचालन रहेसम्म खुल्ला रहने छ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा दर्ता गरिसक्नुपर्नेछ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी बिदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामुहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।

६. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको बुद्धनगर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

७. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेल: himalayanhydro2021@gmail.com मा पठाउन सक्नु हुनेछ ।

८. १८ औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०६/१२ गते शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भएका शेयरधनीहरूले मात्र साधारण सभामा सहभागिता जनाउन तथा मतदान गर्न सक्ने छन् ।

९. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

HIMALAYAN HYDROPOWER LTD. 2004

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव

नोट :-अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा.वडा नं. १० बुद्धनगर, काठमाण्डौ वा फोन नं. ०१-४७९६६४१ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ ।